# बनेपा नगरपालिका
# नगरपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक

## सुरक्षाकर्मी आपुर्ति गर्ने सम्वन्धी दरभाउपत्र अव्हानको सूचना
(प्रकाशित मिति: २०७६/५/१२)

यस कार्यालयको भवन तथा कम्पाउण्ड र वसपार्क भित्रको टर्मिनल भवन सुरक्षा व्यवस्था गर्न बढिमा १ वर्षको लागि सुरक्षाकर्मीहरुको सेवा आवश्यक भएको हुंदा यस्तो सेवा आपुर्ति गर्न सक्ने नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीहरुले प्रति महिना के कति दर/रेटमा (मु.अ.क. सहित) उपलब्ध गराउन सक्ने हो सो सम्वन्धी दरभाउपत्र तोकिएको म्याद भित्र निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ ।

१. दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले तपसिल बमोजिमको म्यादभित्र तपसिल बमोजिमको दस्तुर वनेपा नगरपालिका कार्यालयको राजश्व शाखामा रु. १,०००।- तिरी रसिद वुझाई यस कार्यालयवाट दरभाउपत्र सम्वन्धी कागजात खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्र प्रष्टसंग भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी, सिलबन्दी गरी, खाम बाहिर फर्मको नाम ठेगाना र सेवाको कार्य प्रष्टसंग लेखि तोकिएको म्याद भित्र यस कार्यालयमा उल्लेखित मितिको दिनको १२ वजेसम्ममा दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३. दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ दरभाउपत्र जमानत वापत रु. ६५,०००।- अक्षेरुपी (पैसठी हजार) भन्दा कम नहुने गरी नेपाल बैंक लिमिटेड, बनेपा शाखा स्थित खाता नं. ०१५०३०००००००३००००७ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकवाट ईजाजत प्राप्त वाणिज्य वैंकवाट जारी भएको दरभाउपत्र जमानत पत्र संलग्न गर्नु पर्नेछ । जमानत पत्रको म्याद दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिनसम्मको हुनु पर्नेछ ।

४. दरभाउपत्रदाताले सेवा प्रदान गर्ने स्थलको वास्तविक स्थीति वुझेर दरभाउपत्र दाखिला गर्न सल्लाह दिईन्छ ।

५. यस सूचना वमोजिम सूरक्षाकर्मी आपूर्ति गर्न सम्झौता भएका कारण बुझाउनुपर्ने मु.अ.क.लगायतका कर दस्तुर बुझाउने दायित्व सम्वधित सुरक्षाकर्मी आपुर्ति गर्ने संस्थामा रहने छ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन ।

७. दरभाउपत्र खरिद, दाखिला र खोल्ने दिन सार्वजनिक विदा परेमा ति कार्यहरु सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

८. दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं.०११-६६१२८१ मा सम्पर्क राख्न सकिनेछ ।

९. कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१०. दरभाउपत्र सम्वन्धी कागजात र यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामावली २०६४ एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।

| दरभाउपत्र खरिद संकेत नं. | विवरण | संख्या | दरभाउपत्र खरिद दस्तुर | दरभाउपत्र खरिद अन्तिम मिति र समय | दरभाउपत्र दाखिला अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति समय / स्थान |
|---|---|---|---|---|---|---|
| विज्ञापन नं. ०२ (०७६/०७७) | सूरक्षा गार्ड (सूरक्षा कर्मि) | ६ | रु. १०००।- फिर्ता नहुने गरी | २०७६।५।२६ गते कार्यालय समय भित्र | २०७६।५।२७ गते दिनको १२ वजेसम्म | मिति २०७६।५।२७ गते समय दिनको २.०० वजे स्थान वनेपा नगरपालिकाको कार्यालय, वनेपा । |

# बनेपा नगरपालिका
# नगरपालिकाको कार्यालय
बनेपा, काभ्रेपलान्चोक

## सुरक्षाकर्मी आपुर्ति गर्ने सम्वन्धी दरभाउपत्र अव्हानको सूचना
(प्रकाशित मिति: २०७६/५/१२)

यस कार्यालयको भवन तथा कम्पाउण्ड र वसपार्क भित्रको टर्मिनल भवन सुरक्षा व्यवस्था गर्न बढिमा १ वर्षको लागि सुरक्षाकर्मीहरुको सेवा आवश्यक भएको हुंदा यस्तो सेवा आपुर्ति गर्न सक्ने नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीहरुले प्रति महिना के कति दर/रेटमा (मु.अ.क. सहित) उपलब्ध गराउन सक्ने हो सो सम्बन्धमा तोकिएको म्याद भित्र निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. कामको विवरण देहाय बमाजिम रहेको छ ।

| दरभाउपत्र खरिद संकेत नं. | विवरण | संख्या | दरभाउपत्र खरिद दस्तुर | दरभाउपत्र खरिद अन्तिम मिति र समय | दरभाउपत्र दाखिला अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति समय / स्थान |
|---|---|---|---|---|---|---|
| विज्ञापन नं. प्र०२ (०७६/०७७) | सूरक्षा गार्ड (सूरक्षा कर्मि) | ६ | रु. १०००।- फिर्ता नहुने गरी | २०७६।५।२६ गते कार्यालय समय भित्र | २०७६।५।२७ गते दिनको १२ वजेसम्म | मिति २०७६।५।२७ गते समय दिनको २.०० वजे स्थान वनेपा नगरपालिकाको कार्यालय, वनेपा । |

२. यस सम्बन्धी थप जानकारी बनेपा नगरपालिकाको वेभसाईट www.banepamun.gov.np मा हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अ.